# सुनापति गाउँपालिका

# अनुगमन तथा सुपरिवेक्षण समिति

## वार्षिक प्रतिवेदन

## आ.व.२०८०/२०८१




सुनापति गाउँपालिका

गाउँकार्यापालिकाको कार्यालय

हिलेदेवी,रामेछाप

# अनुगमन तथा सुपरिवेक्षण समितिका सदस्यहरु




श्री गिता विष्ट
संयोजक



श्री अविना लामा
सदस्य



श्री मिन कुमार खाती
सदस्य



श्री दिल कृष्ण श्रेष्ठ
सदस्य



श्री उमेश कुमार यादव
सदस्य-सचिव

## धन्यवाद मन्तव्य

सुनापति गाउँपालिकाले अंगीकार गरेको "समृद्ध, उधमी र सुखी सुनापतिः कृषि, पर्यटन र शिक्षा हाम्रो सम्पत्ति" लक्ष्य हासिल गर्न विकासका योजना, नीति तथा कार्यक्रमको कार्यान्वयन पक्ष सबल हुन जरुरी छ। छोटो समयावधिमा विकासका लक्ष्यहरु हासिल गर्न तथ्यमा आधारित नीति, योजना र कार्यक्रम तय गर्नु जरुरी भइसकेको छ। योजनाको प्रभावकारी कार्यान्वयन र तथ्यमा आधरित नीति निर्माणको लागि अनुगमन तथा मूल्याङ्कन पद्धतिलाई थप प्रभावकारी बनाउनुपर्ने आवश्यकता पनि रहेको छ। गाउँपालिकाको आवधिक विकास योजनाको लक्ष्यले तोकेका परिणाम प्राप्त गर्नको लागि समेत अनुगमन तथा मूल्याङ्कन प्रणालीमा थप सुधार र परिमार्जन गर्न यस प्रतिवेदनले सघाउ पुर्याउनेछ। प्रस्तुत सन्दर्भमा तयार भएको अनुगमन प्रतिवेदनले गाउँपालिका लगायतका निकायलाई अनुगमन तथा मूल्याङ्कन कार्यमा ठोस मार्गदर्शन प्रदान गर्ने तथा भावी दिनमा तर्जुमा गरिने योजनाको लक्ष्य, उद्देश्य र रणनीति तयार गर्नको लागि आधार तयार गर्नेछ। साथै यस प्रतिवेदनले संघीय तहको अनुगमन एवम् मूल्याङ्कन प्रणालीलाई व्यवस्थित बनाई विकास कार्यक्रम/आयोजनाहरुको अनुगमनको पनि अनुगमन गर्न महत्वपूर्ण योगदान पुर्याउनेछ। यस प्रतिवेदनको कार्यान्वयन पक्षको प्रभावकारी अनुगमन गाउँकार्यपालिकाले नै गर्नेछन्। साथै यस प्रतिवेदन तयार गर्ने कार्यमा प्रत्यक्ष रुपमा संलगन हुने सबैलाई धन्यवाद दिन चाहन्छु।

गिता विष्ट
संयोजक, अनुगमन तथा सुपरिवेक्षण समिति
सुनापति गाउँपालिका

पृष्ठभुमीः

योजना,नीति, कार्यक्रम तथा आयोजनाहरुमा लगानी तथा स्रोत साधनको प्रवाह समुचित ढंगले भएको छ कि छैन र कार्य तालिका अनुसार क्रियाकलापहरुको कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्त भएको छ छैन भनी विभिन्न तहका व्यवस्थापन वा व्यवस्थापनले तोकेका व्यक्ति तथा निकायबाट निरन्तर र आवधिक रुपमा निगरानी राख्ने कार्यलाई अनुगमन भनिन्छ। विकास योजना, नीति, कार्यक्रम तथा आयोजनाको प्रभावकारी कार्यान्वयनमा अनुगमन तथा मूल्याङ्कनको महत्वपूर्ण भुमिका रहन्छ। विकासमा गरिएको लगानीको प्रतिफल मापन गर्ने र सेवाग्राहीको जीवनस्तरमा त्यसले पारेको असर तथा प्रभाव आंकलन गरी उत्तरदायित्व र जवाफदेहिता प्रवर्द्धन गर्न यसको थप महत्व रहन्छ। विगतका अनुभवबाट पाठ सिक्दै भावी नीति तथा कार्यक्रमलाई तथ्यपरक र नतिजामुखी बनाउन यस्तो व्यवस्था प्रभवकारी हुनुपर्दछ। नतिजामुखी अनुगमन तथा मूल्याङ्कनलाई संस्थागत गर्ने क्रममा नेपाल सरकारले राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन,२०७० जारी गरी कार्यान्वयनमा ल्याएको थियो। नयाँ संविधान जारी भएपछि संघ, प्रदेश तथा स्थानीय तहमा भएको पुनःसंरचना अनुरुप स्थानीय तहमा सञ्चालित योजना तथा परियोजनाहरुको अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउन यसको सफल अभ्यास हुदै आइरहेको छ। यसै सन्दर्भमा सुनापति गाउँपालिकाले पनि योजना अनुगमन तथा मूल्याङ्कन कार्यविधी तयार गरी कार्यान्वयनमा ल्याएको छ। यसै कार्यविधिमा योजनाको अनुगमन तथा मूल्याङ्कन पश्चात अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन तयार गरी कार्यपालिका बैठकमा छलफल गर्नुपर्ने प्रावधान भई बमोजिम अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनको अपरिहार्यता प्रष्ट झल्किन्छ। तसर्थ यस प्रतिवेदनमा अनुगमन गर्दा अपनाउनुपर्ने विधि तथा प्रक्रिया, सूचक तथा सूचनाका स्रोतहरु, संस्थागत व्यवस्था र सूचनाको प्रयोग सम्बन्धी विषयलाई समेटिको छ। प्रतिवेदन प्रणालीलाई प्रभावकारी बनाउन यसलाई सहभागितामुलक बनाउन आवश्यक छ। गाउँपालिकाको विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तथा आयोजनाको कार्यान्वयन गर्न, प्रतिफल तथा प्रभावको विश्वसनीय र प्रभावकारी अनुगमन प्रणालीको विकास गरी तिनलाई गाउँपालिकाका विभिन्न तहहरुमा लागु गरी संस्थागत गर्न, मूल्याङ्कनका लागि आवश्यक मापदण्ड र प्रकिया निर्धारण गरी विषय क्षेत्रगत नीतिहरु र प्राथमिकता प्राप्त कार्यक्रम तथा आयोजनाहरुको प्रभाव मूल्याङ्कन गर्न, गराउन र सोको आधारमा गाउँपालिकाको नीति तथा कार्यान्वयनमा सुधार गर्नुका साथै अनुभवको आदान प्रदान गरी विशेषज्ञताको विकास समेत गर्ने उद्देश्य लिई यो प्रतिवेदन तयार पारिएको छ।

**अनुगमनको उद्धेश्यः**

अनुगमनले संचालित योजना, आयोजना तथा क्रियाकलापलाई व्यवस्थित, सरल, नतिजामूलक, विश्वसनीय र प्रभावकारी बनाई नीति निर्णय प्रक्रियालाई तथ्यपरक बनाउनुका साथै पारदर्शिता र जवाफदेहिता अभिवृद्दि गरी सुशासन प्रवर्द्दन गर्न सहयोग गर्न सहयोग गर्ने मूल उद्देश्य लिएको छ। उल्लेक्त उद्देश्यहरुका साथै अनुगमनका निम्न उद्देश्यहरु रहेका छन्।

- कार्यक्रम/आयोजना कार्यान्वयन चरणमा लगानी, क्रियाकलाप, प्रक्रिया र प्रतिफल सूचकहरुको आधारमा कार्यसम्पादन भए नभएको निर्धारन गर्न।
- कार्यक्रम/आयोजनाको कार्यान्वयन चरण सम्पन्न भएपछि उक्त कार्यक्रम/आयोजनाको निर्धारित आयुसम्म निरन्तर सञ्चालनको लागि आवश्यक पर्ने स्रोतसाधन तथा मर्मत-सम्भार निश्चित गर्न।
- कार्यक्रम/आयोजनाको आवश्यकता तथा सुनिश्चितता निर्धारण गर्न, कार्यक्रम/आयोजनाको पूर्ण विवरण स्पष्ट गर्न र सूचकहरु निर्धारण गर्न।
- कार्यक्रम/आयोजनाको प्रगतिको समीक्षा गर्न, पूर्व निर्धारित कार्ययोजनामा परिमार्जन गर्न वा सञ्चालन ढाँचामा आवश्यक परिवर्तन गर्न।
- कार्यक्रम/आयोजनाको कार्यक्षमता, प्रभावकारिता र दिगोपनालाई ध्यानमा राखेर समीक्षा गर्न र कार्यक्रम/आयोजना सम्पन्न भएपछि थप कार्य आवश्यक रहेको वा नरहेको निक्यौल गर्न।
- संचालित कार्यक्रम/आयोजनाको प्रभाव र दिगोपनालाई ध्यानमा राखेर समीक्षा गर्न, भविष्यमा कार्यक्रम/आयोजनाको तर्जुमा र कार्यान्वयन गर्दा सुधार गर्नका लागि सिकाइ र सुझावहरु प्रास गर्नका लागि।
- योजना कार्यान्वयनको विभिन्न चरणमा गरिने अनुगमन र मूल्याङ्कनबाट प्रास पृष्ठपोषणलाई उचित समयमा सम्बोधन गर्न।

**अनुगमनको ढाँचा एवँ विधिः**

आयोजना कार्यान्वयन प्रक्रियालाई पारदर्शी तथा उत्तरदायी बनाउन सेवा प्रदायक र सेवाग्राहीको सहभागितामा अनुगमन तथा मूल्याङ्कन गर्नुपर्दछ। सहभागितामुलक अनुगमन तथा मूल्याङ्कनले संस्थागत सिकाइ अभिवृद्दि गर्ने, सरोकारवालको राय बुझी आयोजनामा सुधार गर्ने र प्रभाव मूल्याङ्कन गरी सार्वजनिक उत्तरदायित्व वा जवाफदेहिता अभिवृद्दी गर्ने गर्दछ। साथै यसबाट सरोकारवालालाई आयोजनाको अवस्थाको जानकारी हुन गई समयमै प्रतिफल प्रासिमा सहयोग पुग्ने हुन्छ। तसर्थ सुनापति गाउँपालिकाको अनुगमन तथा सुपरीवेक्षण समितिले गाउँपालिका,

वडा र अन्य निकायहरुबाट सञ्चालित क्रियाकलाप, आयोजनाको अनुगमनका लागि विभिन्न ढाँचा एवं विधीहरु प्रयोग गर्दै आइरहेको छ।

विकास आयोजनाहरुको प्रगति विवरण वा सूचनाका आधारमा गरिने समीक्षा अपर्याप्त भएमा वा अनुगमन गर्ने निकायले कार्यथलोमा नै गई आफ्नै आँखाले तथ्य एकिन गर्न वा आयोजनाको व्यवस्थापन लगायत सम्बद्ध सरोकारवालाहरुको धारणा सङ्कलन गरी कार्यान्वयनमा आउनसक्ने समस्या समयमै पहिचान तथा समाधान गर्न आवश्यक देखेमा स्थलगत निरीक्षण गर्नुपर्दछ। बुँदागत रुपमा आयोजनाको स्थलगत अनुगमन/निरीक्षण लागि देहाय बमोजिमका क्रियाकलापहरु गर्ने गरिएको छः-

- आयोजनाबाट प्राप्त प्रगति प्रतिवेदनको सत्यता एकिन गर्न वास्तविकता आबलोकन गर्ने गरिएको।
- आयोजना कार्यान्वयनका क्रममा आइपरेका समस्याहरुबारे जानकारी लिने गरिएको।
- समस्या समाधानमा सहयोग गर्ने, आयोजना निर्माण स्थलमा नै निर्देशन दिने, समस्या समाधानका लागि व्यवस्थापनले गरेका प्रयासबारे जानकारी लिने, समस्या समाधानका निमित्त समन्वय गर्ने एवम् विभिन्न विकल्पहरु पहिचान गर्ने र समस्या तथा समाधानका विकल्पका निमित्त समन्वय गर्ने एवम् विभिन्न विकल्पहरु पहिचान गर्ने र समस्या तथा समाधानका विकल्पका वारेमा निर्णयकर्तालाई जानकारी गराउने।
- आयोजनाका सम्बन्धमा लाभग्राही वर्ग लगायत अन्य पक्षको धारणबारे जानकारी लिने।
- आयोजना र अन्य पक्षबिच कुनै विवाद परेमा समाधानका लागि सहयोग गर्ने।

अनुगमन तथा सुपरीवेक्षण समितिले निर्धारित रुजुसूची(checklist) को आधारमा सेवाग्राहीहरुसँग व्यवस्थित तरिकाले स्थलगत भ्रमण गरी नक्सामा रहेका सूचनाको सत्यता एकिन गर्ने गरेको छ। यस्तो भ्रमणले स्थानीय समुदायसँग सम्वन्ध स्थापित गर्न, नक्सामा उल्लेख गरिएका पक्षहरुलाई पुष्टयाई गर्न, स्थानीयवासीहरुका विकास कार्यका समस्या र समाधानका उपायका बारेमा अवगत गर्न मद्दत पुगेको छ। अनुगमन, निरीक्षण तथा अवलोकनका क्रममा निम्नानुसारका विधिहरु अपनाइएको थियोः-

- स्थलगत अनुगमन, निरीक्षण तथा आवलोकन
- आयोजनासँग सम्बन्धित उपभोक्ता समितिका पदाधिकारीहरुसँग छलफल र अनतरक्रिया
- आयोजनाको उपभोक्ताहरुसँगको अन्तरक्रिया र छलफल

फिल्ड भ्रमण तथा अवलोकनको सारांशः

| क.सं. | योजनाको नाम | वडा नं. | भौतिक प्रगती% | अनुगमन गर्दा देखिएका तथ्य र सुझावहरु |
|---|---|---|---|---|
| १ | गुन्सी स्वास्थ्य चौकी रङ्गरोगन | ०१ | ९७.३६ | धेरै वर्ष देखि रङ्गरोगन नगरिएको हुनाले रङ्गरोगन पश्चात राम्रो देखिएको छ। |
| २ | गुन्सी भदौरे सडक मर्मत | ०१ | ९९.१९ | अबरोध रहेको सडकलाई गाडी हिनने गरी मर्मत गरेको देखियो। |
| ३ | हिर्केटार सिँचाइ पोखरी निर्माण | ०१ | १०० | यस पोखरीको आसपासमा रहेका खेतहरुमा सिँचाई सुविधा पुगेको र उत्पादन र उत्पादकत्व वृद्धि हुने अपेक्षा गरिएको। |
| ४ | कटुञ्जे खानेपानी योजना बोझिनी | ०१ | १०० | यस आयोजनामा पानी टयांकी निर्माण गरी करिब २० घर धुरीलाई पानी पर्याएको |
| ५ | गैराटोल सिरानधारा खानेपानी मर्मत योजना | ०१ | १०० | खानेपानी टयांकी निर्माण गरी पानी वितरण गरेको। |
| ६ | चिसापानी खानेपानी मर्मत योजना | ०१ | १०० | मुहानको सरक्षंण सम्वर्द्धन गरी खानेपानीलाई व्यवस्थित बनाइएको। |
| ७ | रिसिङ ढुङ्गेधारा निर्माण | ०१ | १०० | खानेपानीको मुहान संरक्षण गरी पुरातात्विक झल्किने गरी ढुङ्गेधाराको निर्माण गरिएको। |
| ८ | बाँसघारी टोल खानेपानी योजना | ०१ | १०० | खानेपानीको मुहान संरक्षण गरी एउटा ढुङ्गेधारा निर्माण गरिएको। |
| ९ | साघुटार खानेपानी योजना | ०१ | १०० | यस योजना बाट करिब १० घरधुरी लाभान्वित भएको। |

| | | | | |
|---|---|---|---|---|
| १० | पन्चकन्या आ.वि. मेस्नरी वाल निर्माण | ०१ | १०० | विधालयमा वर्षायाममा आउन सक्ने पहिरो लाई नियन्त्रण गर्न उक्त वालले टेवा पुर्याउने छ। |
| ११ | सडक सरसफाई तथा मर्मत सुनापती ०१ | ०१ | १०० | बाटो सरसफाई गरेको देखियो। |
| १२ | गराटी चौतारो निर्माण | ०१ | १०० | उक्त योजनामा पिपल बोटको चारै तिर ढलान गरी रेलिङ लगाएको देखियो |
| १३ | पुरानो गराटी सिंचाई पोखरी | ०१ | १०० | सिंचाई पोखरी निर्माण गरिएको देखियो। |
| १४ | पुतलीकाठ मसाने पाटी गोरेटो बाटो निर्माण | ०१ | १०० | उक्त बाटो निर्माण पश्चात त्याहाँको स्थानीयलाई आवतजावतमा सहजता हुने देखिएको छ। |
| १५ | सिमाडिल पहिरो गोरेटो बाटो निर्माण | ०१ | १०० | स्थानीय कृषकहरुलाई खेतवारीमा जान सहयोग गरेको |
| १६ | वडा कार्यालय भवन निर्माण | ०१ | ९९.३४ | प्लास्टर, रङ्गरोगन गरी झ्याल ढोका लगाएको। |
| १७ | उत्तिसे घारी ग्रामीण कृषि सडक | ०१ | ९६.२५ | उक्त बाटो खन्दै गर्दा कडा चट्टान भिटिएकोले अपेक्षित रुपमा उपलब्धि हासिल नभएको |
| १८ | गुन्सी चौर पोखरी धारो/मन्दिर/सडक/पर्यावरण संरक्षण | ०१ | सम्झौता भइसकेको | |
| १९ | गराटी कौशिनी घारापनी चौरीखर्क सडक | ०१ | १०० | उक्त योजनाको cutting गरी नाला निर्माण गरिएको र सोलिङ समेत गरिएको देखियो। |
| २० | अर्चल हुदै मगरटोल नाङ्गेडाडा सडक स्तरोन्नती | ०१ | १०० | पुरानो बाटोलाई स्तरोन्नती गरिएको देखियो। |
| २१ | मैरे ढाड दोभान गोरेटो बाटो निर्माण | ०२ | १०० | भिर पहरामा सिढी निर्माण गरिएको देखियो। |

| | | | | |
|---|---|---|---|---|
| २२ | मन्दरवेशी खैरे खोला दोभान सडक स्तरोन्नती तथा ट्र्याक ओपन | ०२ | ८९ | ट्र्याक ओपन भएको तर गाडी समेत हिंड्न नसकिने देखियो। |
| २३ | सुरसुम्बा लामाटोल च्यानडाँडा खानेपानी योजना | ०२ | १०० | पाइप लाईन विस्तार गरी मुहानमा इनटेक बनाएको। |
| २४ | जाँते सामुदायिक भवनको लागि शौचालय निर्माण | ०२ | १०० | २ कोठे शौचालय निर्माण गरिएको। |
| २५ | श्री पाँच पाण्डव भिमसेन मन्दिर परिसर शौचालय निर्माण | ०२ | १०० | २ कोठे शौचालय निर्माण गरिएको। |
| २६ | सडक हेरालु | ०२ | १०० | डोर हाजिर बमोजिम भुक्तानी गरिएको। |
| २७ | ठुलो छाँगा सिम्पानी चापस्वारा लिफ्ट सामुदायिक खानेपानी योजना | ०२ | ९८ | २८ वटा धारा निर्माण गरिएको पाइयो। |
| २८ | दिमिपोखरी पिपलवोट चौतारा निर्माण | ०२ | १०० | सिमेन्टिड चौतारो र प्रतिक्षालय निर्माण गरिएको। |
| २९ | जाते मानपुर खानीखोला सडक मर्मत योजना | ०२ | ९० | सडकमा रहेको पहिरो पन्छयाउने काम र नालामा रहेको माटो हटाएको। |
| ३० | रायमाझि कुलदेबता मन्दिर घेराबार निर्माण योजना | ०२ | १०० | मेसनरी वाल, रेलिङ लगाएको। |
| ३१ | वडा कार्यालय परिसर व्यवस्थापन तथा सडक निर्माण योजना | ०२ | १०० | ग्याबिन वाल र करिब ५० हजार लि.खानेपानी टयांकी निर्माण गरिएको। |
| ३२ | खानी खोला मन्दर नयाँ बस्ति खानेपानी योजना | ०२ | १०० | पाइपलाईन विस्तार गरी र मुहान संरक्षण गरेको। |
| ३३ | झाक्री टोल खानेपानी योजना | ०२ | ९७ | करिब २४०० मि. पाइप खन्ने र पुर्ने काम गरेको देखियो। |
| ३४ | ठुलो ढुंगा मोड मेसोनरी वाल निर्माण | ०२ | ९७ | मेशनरि वाल लगाएको देखियो। |

८।२८

| | | | | |
|---|---|---|---|---|
| ३५ | सक्षम चौतारा पानि टयांकी मैरे मध्पहाडी सडक | ०२ | ९१ | उक्त सडकमा नाला तथा ढल निर्माण गरिएको र चौडाई विस्तार गरिएको देखियो। |
| ३६ | गाँसुखेत दिमी सक्षम सिढि निर्माण योजना | ०२ | १०० | यस सिढि निर्माण पश्चात त्याहाँको स्थानीय लाई आवतजावतमा सहता भएको देखियो। |
| ३७ | मानपुर सिढी निर्माण योजना | ०२ | १०० | यस सिढि निर्माण पश्चात त्याहाँको स्थानीय लाई आवतजावतमा सहता भएको देखियो। |
| ३८ | राम्चेल्होसे सिढी निर्माण | ०२ | १०० | गोरेटो बाटोमा सिढि निर्माण गरिएको देखियो। |
| ३९ | गाल्पा सक्षम पानीटंयाकी सडक नाला निर्माण योजना | ०२ | १०० | धुले नाला खनेको देखियो। |
| ४० | जाँते राम्चे पाखाटोल आलम्पुर सडक नाला निर्माण योजना | ०२ | १०० | नाला खनेको देखियो। |
| ४१ | कामा सामुदायिक भवन निर्माण | ०३ | ९७ | यसमा २ कोठाको लागि पिलरहरु खडागरी छत ढलान गरिएको र यसको क्यु टेस्ट सुरुमा अनुगमन गर्दा कम देखिएको थियो भने प्राविधिकले भने बमोजिम पुन जाँच गर्दा ठिक आएको। |
| ४२ | दुदमा बेशी कामा खोला सडक निर्माण | ०३ | १०० | सडक नयाँ ट्र्याक ओपन गरिएको। |
| ४३ | स्वारा खानेपानी निर्माण योजना | ०३ | १०० | खानेपानी टयांकी निर्माण गरिएको। |
| ४४ | माने डाडा वाल निर्माण र जस्तापाता खरिद | ०३ | १०० | ग्याबिन वाल लगाएको देखियो। |
| ४५ | सामुदायिक भवन निर्माण योजना लामा टोल | ०३ | १०० | दुई कोठे टवाईलेट र दायाँ साईडमा करीब ५ मि. वाल लगाएको। |

| | | | | |
|---|---|---|---|---|
| ४६ | दुवा टोल सार्वजनिक शौचालय निर्माण योजना | ०३ | ८८ | २ कोठे शौचालय निर्माण गरिएको देखियो। |
| ४७ | बन झाक्री गुफा सार्वजनिक शौचालय निर्माण | ०३ | ९९ | २ कोठे शौचालय निर्माण गरिएको देखियो। |
| ४८ | खड्का टोल कुल देवता मन्दिर निर्माण | ०३ | १०० | मन्दिर निर्माण गरिएको देखियो। |
| ४९ | चौकी भवन गौरुंग टोल फुटेको ढुंगा सडक निर्माण | ०३ | ९८ | ट्र्याक ओपन गरिएको। |
| ५० | नागशिवा १ घर १ धारा खानेपानी योजना | ०३ | १०० | २०mm को 2400 m पाइप बिछ्याइएको र २१ घरधुरीको लागि पानी पुर्याएको छ। |
| ५१ | पट्टा खेल हरिसेती लप्सी वोट बिक टोल खानेपानी योजना | ०३ | ९८ | १५ वटा धारा बनाइएको देखियो। |
| ५२ | पाईप खरिद योजना | ०३ | १०० | पाइप खरिद गरी खन्ने बिछ्याउने काम गरेको। |
| ५३ | सादी आरुखर्क कामा सक्षम चौतारा बाटो स्तरोन्नती योजना | ०३ | ७३ | अबरोध रहेको माटो पन्छाएको काम गरेको देखियो। |
| ५४ | सादी देखि कामा खोला सडक सरसफाई योजना | ०३ | ९१ | बाटोको सरसफाई गरि एक साईडमा नाला निकालेको देखियो। |
| ५५ | सादीडाडा सडक ढलान योजना | ०३ | १०० | उक्त सडकको ढलान पश्चात सवारी साधनहरु आवतजावतमा सहजता हुने देखियो। |
| ५६ | भूमिस्थान सानो डोग्मा वाल निर्माण योजना | ०३ | १०० | सडकको माथिल्लो साइडमा मेसनरी सपोर्ट वाल निर्माण भएको देखियो। |
| ५७ | प्रमुख प्रशासकीय भवन कार्यालय परिसर निर्माण | ०३ | ९१ | Compound wall भित्र inter lock block बिछ्याएको र साइडमा फुलहरु रोपेको। |
| ५८ | श्यार गुम्बा निर्माण योजना | ०३ | १०० | तल्ला थप गरिएको र शौचालयको लागि सेफटी टंयाकी साथै प्यारा पीट वाल निर्माण गरिएको देखियो। |

| | | | | |
|---|---|---|---|---|
| ५९ | हिलेदेवी मन्दिर निर्माण योजना | ०३ | ९९ | मन्दिर निर्माण गरी त्यसको रङ्गरोगन लगायत घेरावार समेत गरिएको देखियो। |
| ६० | स्वरा खानेपानी आयोजना राम बहादुर टोल | ०३ | ९९ | पानी टयांकी निर्माण गरिएको। |
| ६१ | कामा सामुदायिक स्वास्थ्य इकाई सुनापति ०३ | ०३ | ९८ | भर्याङ निर्माण गरी छत ढलान गरिएको। |
| ६२ | हिलेदेवी केउरानी सामुदायिक स्वास्थ्य इकाई | ०३ | | भर्याङ निर्माण गरी छत ढलान गरिएको। |
| ६३ | खानीखोला पालिका लिफ्ट खानेपानी योजना | ०३ | ८०.३१ | बोरिङ निर्माण गरि मेन लाईन पाइप बिछ्याउने काम र समान खरिद गरिएको। |
| ६४ | पूर्णसिङ्गको घर डाडा देखि सुनापति सम्म सडक योजना | ०३ | ८२ | सडकको चौडाई बढाएको, नाला निर्माण गरेको, कटिङ गरेको देखियो। |
| ६५ | ठुलो घर टोल सडक सोलिङ | ०३ | १०० | यस सडकको चौडाई बढाएको र सोलिङ राम्रो सँग गरेको देखियो। |
| ६६ | सुनापति भ्वाँसा ९ खानेपानी योजना | ०४ | १०० | करिब ६८ घन मिटरको RVT निर्माण गरिएको। |
| ६७ | नुन ढुंगा दलित बस्ती खानेपानी टयांकी निर्माण | ०४ | १०० | पुरानो टयांकी भत्काएर नयाँ टयांकी २५ घन मिटरको निर्माण गरिएको। |
| ६८ | सुनापति मन्दिर निर्माण | ०४ | १०० | नयाँ मन्दिर निर्माण गरी रङ्गरोगन समेत गरेको छ। |
| ६९ | सागर महिला समुह महिला भवन निर्माण | ०४ | १०० | पिलरहरु निर्माण गरि वाल लगाएको |
| ७० | आदर्शटोल महिला ट्रस भवन निर्माण | ०४ | १०० | ट्रस निर्माण भएको देखियो। |
| ७१ | टासी छयोइलिङ गुम्बा घरेडी निर्माण | ०४ | १०० | Ground बनाएको र retaining wall लगाएको। |
| ७२ | भुमिथान ट्रस निर्माण योजना | ०४ | १०० | ट्रस निर्माण भएको देखियो। |

| | | | | |
|---|---|---|---|---|
| ७३ | टासी छयोइलिङ गुम्बा व्यवस्थापन | ०४ | १०० | लामाहरुले लगाउने पोशाकहरु खरिद गरिएको। |
| ७५ | टासी दग्र्यार्लिङ गुम्बा व्यवस्थापन | ०४ | १०० | Chain gate निर्माण गरिएको। |
| ७६ | भलाकुसारी केन्द्र शौचालय तथा पेटि निर्माण | ०४ | १०० | २ कोठे शौचालय निर्माण गरिएको। |
| ७७ | मगर ओथी ट्रस भवन निर्माण | ०४ | १०० | ट्रस निर्माण भएको देखियो। |
| ७८ | नेवार टोल खत्रिटोल सडक सोलिङ योजना | ०४ | १०० | सडकको सरफेस मिलाएको र सोलिङ कार्य भएको। |
| ७९ | कुशेश्वर मा.वि सञ्चालन अनुदान | ०४ | १०० | Digital camera खरिद गरिएको। |
| ८० | डहु मावि सञ्चालन अनुदान | ०४ | १०० | प्लाष्टिकको टंयाकी खरिद गरिएको। |
| ८१ | ४ नं. वडा कार्यालय व्यवस्थापन | ०४ | १०० | Compound मा inter locking block बिछ्याएको। |
| ८२ | मादले चौतारा घेराबार | ०४ | १०० | रेलिङ लगाएको। |
| ८३ | सिस्नुघारी भर्याङटार खानेपानी आयोजना | ०४ | १०० | Intake निर्माण तथा पाइप खरिद गरि खन्ने पुर्ने कार्य गरेको। |
| ८४ | कामाखोला चौरीखोला खानेपानी आयोजना | ०४ | भुक्तानी बाँकी | |
| ८५ | पेकेङगङ समाधिस्थल भवन निर्माण | ०४ | १०० | पाटि निर्माण गरिएको। |
| ८६ | सहिद प्रतिष्ठान भवन निर्माण | ०४ | १०० | छत्त ढलान गरिएको। |
| ८७ | डाँसे डोहोर गोठे सडक निर्माण | ०४ | १०० | ट्र्याक ओपन गरिएको। |
| ८८ | भ्वाँसा कृष्ण मन्दिर घेराबार | ०४ | १०० | रेलिङ लगाएको। |
| ८९ | डाग्युर छयोलिङ डहु गुम्बा व्यवस्थापन | ०४ | १०० | रङ्गरोगन, टाइल र रेलिङ लगाएको। |
| ९० | निर्मल लामा प्रतिष्ठान सालिक निर्माण योजना | ०४ | १०० | निर्मल लामाको सालिक निर्माण गरि पार्क व्यवस्थापन गरिएको। |

| | | | | |
|---|---|---|---|---|
| ९१ | खाँडादेवी आ।वि पानीघाट | ०४ | १०० | झ्यालका सिसाहरु लगाई, दराज र खुर्सीहरु खरिद गरिएको। |
| ९२ | कुशेश्वर मा.वि शौचालय निर्माण | ०४ | १०० | २ कोठे ढौचालय र १ कोठे बाथरुम निर्माण गरिएको। |
| ९३ | पानीघट खानेपानी व्यवस्थापन | ०४ | १०० | पाइप खरिद गरीएको। |
| ९४ | कुकुर बोटे डाँडा हुँदै सुनापति जाने बाटो निर्माण | ०४ | १०० | सडकको स्तरोन्नती गरिएको। |
| ९५ | खत्री पधेरो हुँदै भ्वाँसा जाने बाटो | ०४ | १०० | सडकको स्तरोन्नती गरि सोलिङ गरिएको। |
| ९६ | पानीघाट सहिदपार्क माथिल्लो टोल खानेपानी योजना | ०४ | १०० | Ground निर्माण,बोडिङ्ग निर्माण,पम्प हाउस निर्माण, भित्तामा सुख्खा गारो निर्माण, प्यानल बोर्ड, पम्प र पाइपहरु खरिद गरिएको। |
| ९७ | कामाखोला चौरिखोला सामुदायिक खानेपानी योजना | ०४ | १०० | विभिन्न साइजको पाइप तथा पम्प खरिद गरिएको। |
| ९८ | मध्य पहाडी देखि जोरधारा हुँदै डहू स्कुल सडक मर्मत | ०४ | १०० | उक्त बाटोको मर्मतले बर्षातमा समेत गाडी गुडने भयो। |
| ९९ | मध्य पहाडी नेवार टोल बँगैचा टोल सडक मर्मत | ०४ | १०० | बाटो विस्तार गरी माथिको भित्तालाई Retaining wall and breast wall ले पहिरो जाने बाट न्यूनीकरण गरिने देखियो। |
| १०० | नाककाटे डाडाँ पारखोला सडक | ०५ | १०० | ट्र्याक ओपन गरिएको। |
| १०१ | ससखोला मसान घाट सडक | ०५ | ९८ | ट्र्याक ओपन गरिएको। |
| १०२ | साङ्जाखोला लोफ्रा सडक स्तरोन्नती | ०५ | ९७ | सडक स्तरोन्नती गरेको। |
| १०३ | सामुदायिक भवन नाककाटे डाडाँ | ०५ | ९८ | पिलरहरु खडयाइएको । |
| १०४ | भिरकोट सामुदायिक भवन | ०५ | ९१ | 1st floor ढलान गरिएको र फर्माहरु राखेको देखियो। स्थानीयहरुले उक्त भवनको केही पिलरहरु नमिलेको भनेर गुनासो गर्दै थिए। |

| | | | | |
|---|---|---|---|---|
| १०५ | श्री कृष्ण मन्दिर कालिमर्याङ | ०५ | ९९ | उक्त मन्दिरको माथिल्लो तल्ला थप गरी रङ्गरोगन गरिएको। |
| १०६ | खनियापानी खानेपानी आयोजना | ०५ | १०० | पाइप खरिद गरिएको देखियो। |
| १०७ | नवराज स्मृति पार्क योजना | ०५ | ९८ | दुबो र रेलिङ लगाएको। |
| १०८ | अछताडाडा छोर्तेन निर्माण योजना | ०५ | १०० | मूर्ति खरिद गरिएको। |
| १०९ | घट्टेखोला रातामाटे डाँडा छापटोल गोरेटो बाटो निर्माण | ०५ | ९६ | खोला देखि माथि सम्म सिढि निर्माण गरेको। |
| ११० | भिरकोट जोर धारा सिँचाई पोखरी निर्माण योजना | ०५ | ९९ | सिँचाई पोखरी निर्माण गरिएको। |
| १११ | हात्तिखोला कपेखरी महादेव स्थान ट्रस निर्माण योजना | ०५ | ९९ | ट्रस निर्माण गरिएको। |
| ११२ | पारिङगाल सिरानटोल भिरकोट सडक निर्माण योजना | ०५ | ९४ | ट्र्याक ओपन गरिएको। |
| ११३ | खनियापानी आहालडाँडा सामुदायिक भवन निर्माण योजना | ०५ | ९८ | छत ढलान र ईटाको गारो लगाको। |
| ११४ | भिरकोट सामुदायिक स्वास्थ्य इकाई व्यवस्थापन तथा बाल निर्माण | ०५ | १०० | ग्याबिन बाल निर्माण गरेको। |
| ११५ | नाककाटे डाँडा शौचालय निर्माण योजना | ०५ | १०० | उक्त शौचालयको निर्माण पश्चात त्यहाँ हुने धार्मिक सम्मेलनमा सहभागी हुने भक्तजनलाई सहज हुने देखियो। |
| ११६ | कटौजे जोर धारा घेराबार | ०५ | ९८ | धारा वरिपरि जालि लगाएको |
| ११७ | भ्वासा खोला झाक्रीटोल बाहुनटोल खानेपानी योजना | ०५ | १०० | RCC खानेपानी टंयाकी निर्माण तथा पाईप खरिद गरिएको। |
| ११८ | खानेपानी व्यवस्थापन | ०५ | १०० | HDPE पाईप खरिद गरिएको। |
| ११९ | जलदेवी मा.वि स्टेज निर्माण | ०५ | १०० | स्टेज निर्माण गरेको देखियो। |

| | | | | |
|---|---|---|---|---|
| १२० | आमा समुह बैठक स्थल वाल निर्माण | ०५ | ९५ | बैठक स्थल निर्माण गरिएको। |
| १२१ | खनियापानी जोर आप भन्ज्याङ मन्दिर निर्माण | ०५ | ९८ | मन्दिर निर्माण गरिएको। |
| १२२ | पुलामि टोल जोड्ने बाटो | ०५ | ९५ | ट्र्याक ओपन गरेको देखिएको छ। |
| १२३ | छागाडाडा सडक ट्र्याक ओपन | ०५ | ९३ | ट्र्याक ओपन गरेको देखिएको छ। |
| १२४ | भुमिस्थान डाडा टोल पर्यटन मार्ग ट्र्याक ओपन सोलिङ्ग तथा घेरावार | ०५ | ९० | भुक्तानी नभएको। |
| १२५ | समाजकलयाण आधारभुत विधालय व्यवस्थापन | ०५ | १०० | उक्त आधारभुत विधालयमा रेलिङ लगाएको र रङ्गरोगन गरिएको देखियो। |
| १२६ | कटुञ्जे सहिद पार्क व्यवस्थापन योजना | ०५ | १०० | रेलिङ, चाइनिज दुबो लगाई रङ्गरोगन गरिएको। |

**अनुगमनको अनुभवः**

गाउँपालिकामा प्राप्त श्रोत तथा अन्य निकायबाट समेत विनियोजन भएका योजना तथा कार्यक्रमहरुको संख्या अत्याधिक रहेको पाइएको छ । यस्ता आयोजनाले तत्काल केही राहत प्रदान गर्ने भएता पनि दिर्घकालिन फाईदा पुग्ने देखिदैन। गाउँमा दक्ष जनशक्ति कमि भएको पनि कहिकतै रहेको देखिन्छ। अनुगमन गर्ने क्रममा अनुगमनकर्ताको समय र सन्दर्भ मिलाउन अत्यन्त कठिनाई भएको महसुस गरिएको छ जस्ले गर्दा सिलसिलेवार अनुगमन गर्न सकिएको छैन । आगामी दिनमा यस बिषयलाई गम्भिर रुपमा लिई समयमै सुधार गरी अनुगमन मुल्यांकन कार्यलाई प्रभावकारी बनाउन सबै सदस्यले अझै मेहेनेत गर्नु पर्ने देखिन्छ ।

राय सुझावः

सुनापति गाउँपालिकामा आ.व. २०८०/८१ भित्र  निर्माण भएका आयोजनाहरुको अनुगमन तथा मूल्यांकन गर्दा अधिकांश आयोजनाहरुको सूचना पाटी टास गर्नु भनिएता पनि टास गरेको देखिदैन। सडक स्तरोन्नति गर्दा रोडहरुको चौडाई पुगेको भएता पनि नालीको व्यवस्थापन राम्रो संग हुन नसक्दा सडक बिग्रिने हुदा यातायात संचालनमा समस्या देखिएको छ। पालिकाको भौगोलिक अवस्था विकट भएको कारणले पनि आयोजना सम्पन्न हुन धेरै समय लाग्ने र खर्चिलो देखिन्छ। प्राविधिक स्टिमेट बिना बजेट छुटाउदा आयोजनाहरुमा विनियोजित रकम भन्दा धेरै लाग्ने र यसले आयोजना निर्माणमा समस्या देखिन्छ।

आयोजनाको भ्रमण  निम्नानुसारका सुझावहरु टोलीलाई प्राप्त भएका थिए।

- आयोजना निर्माणमा सरकारी पक्षबाट गरिनुपर्ने नियमित अनुगमनमा कमजोरी रहेको र काम नगर्ने लाइ कारवाहीको प्रक्रिया अघि नबढाईएको ।
- सडक निर्माण कार्यमा स्थानीय बासिबाट बाटो को एक साइड मात्रै cutting कार्य गरेको जनगुनासो पाइएको।
- सडक विस्तारका  क्रममा जमिन cutting गर्दा एक तर्फ काटने र अर्को तर्फ उठाउने कार्य भूगोलको प्रकृति अनुसार नभएको।
- सडकका दायाँ बायाँ किनारमा रहेका नाली सबै हिलो र माटोले पुरिएका अवस्था रहेको र पक्कि नाला बनाउन पर्ने।
- ल.ई. अनुसार नै कार्य भैरहेको तर आयोजनाको कार्य  गति सुस्त रहेको।
- कतिपय योजनाहरूमा ल.ई. बमोजिम काम नभई लागत अनुगमन परिवर्तन (Revised Estimate) बनाई काम गर्नु पर्ने हुँदा प्रकृया जटिल बन्न पुगेको ।

- आयोजना निर्माणमा सरकारी पक्षबाट गरिनुपर्ने नियमित अनुगमनमा कमजोरी रहेको र काम नगर्ने लाइ कारवाहीको प्रक्रिया अघि नबढाईएको ।
- सम्पन्न भएका आयोजना नियमित उपयोग गर्न नपाएको।
- समय समयमा आम भेला गराई कार्य प्रगति बारे जानकारी नगराएको।

सरकारी पक्षबाट गरिनुपर्ने नियमित अनुगमन कार्य अझ कडाइका साथ हुनुपर्ने

**आयोजनाहरुमा विधमान अवस्था र देखिएका समस्याहरु:**

- काममा ढिलाई सुस्ताई गर्दा बाटो अबरोध भइ सवारी साधनमा यात्रा गर्न कठिनाइ भएको देखियो
- सडकको दायाँ बायाँ बनाइएको नाली पुरीएर सडक बाटै भल बगेर बाटो बिगारेको देखियो।
- सडकको दायाँ बायाँ cutting गरेको slope नमिलेर भित्ताहरु भतकिएको देखियो।
- हरेक बर्ष बर्षायाममा पानी पर्दा सडक हिलाम्य हुने र हिउदमा धुलो उडी स्थानीय बासिन्दा सडक यात्री ,सवारी साधन प्रयोगकर्ताहरुलाई अत्यन्त कठिनाइ एवं जोखिमपूर्ण यात्रा गर्नुपर्ने बाध्यता सिर्जना भएको पाइयो।
- सडकको भित्ता side मात्रै cutting कार्य गरेर उब्जाउ हुने बारीहरु भत्केर धेरैनै क्षती भएको देखियो
- आयोजनाको intake,pipe line को नियमित अनुगमन कार्य नभएको
- खानेपानी आयोजनाको मर्मत सम्हार कोष खडा नगरिएको,
- खानेपानी योजनाहरुमा हेरालु तथा मर्मतकालागी कोष तथा पलमबर नहुदा वितरणमा समस्या देखिएको,
- सडकको ठेक्काहरुमा cutting मा विवाद आएर म्याद थप गरि निर्माण कार्य गराएको
- सडक ठेक्काहरुमा bidder ले अत्यन्तै घटेर ठेक्का हालेर BOQ अनुसारको सबै कार्य हुन नसकेको

१८

**समस्या समाधानका उपायहरुः**

- आयोजना निर्माणमा भएका ढिलासुस्ती ,लापरबाही र गैर जिम्मेबारी पूर्ण कार्यको यथाशिघ्र छानबिन गरि दोषी उपर कानुन बमोजिम कारबाहीको प्रक्रिया अगाडी बढाउनु पर्ने,
- भीरबाट सडकमा झर्ने पानीलाई उपयुक्त र व्यवस्थित निकास दिने कार्य आगाडी बढाउनु पर्ने ,
- सडकको दायाँ बायाँ बनाइएका नाली हरु माटोले पुरिएर सडक बाटै पानीको भल बगने समस्या देखिएकोले पानीको बहावलाई ध्यान दिई नाली निर्माण गर्ने र थुनिएका नालिहरुको नियमित सफाइको व्यवस्था मिलाउनु पर्ने.
- नियमित मर्मत सम्हारकोष खडा गर्नु पर्ने .
- मिटरिंग सिस्टम प्रयोग गर्नु पर्ने
- पालेको व्यवस्था मिलाउने

अनुगमनका तस्वीरहरुः

